# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

**खण्डः९** **संख्याः ३३** **प्रमाणिकरण मितिः २०८३/०३/२७**

**भाग १**

## जीतपुरसिमरा उपमहानगरपालिका

## जीतपुरसिमरा उपमहानगरपालिका नगर प्रहरी ऐन (दोस्रो संशोधन), २०८३

जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रहरी संगठनलाई थप व्यवसायिक, प्रतिपर्धि र सुदृढ बनाउनको लागि संशोधन गर्न बाञ्छनिय भएकोले नगर प्रहरी ऐनको दफा ५९ ले दिएको अधिकार प्रयोग गरी नगर सभा सञ्चालन नियमावली, २०७५ बमोजिम यो ऐन बनाईएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "जीतपुरसिमरा उपमहानगरपालिका नगर प्रहरी ऐन (दोस्रो संशोधन), २०८३ " रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा ३ को उपदफा (१) मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (१) मा रहेको "कार्यपालिकाले तोके बमोजिम" भन्ने शब्दको सट्टा **"उपमहानगरपालिकाको संगठन संरचना र दरबन्दि (ओ एण्ड एम.) बमोजिम"** भन्ने शब्दहरू राखिएका छन् ।

३. **मूल ऐनको अनुसूचि-१ मा संशोधनः** मूल ऐनको अनुसूचि अनुसूची-१ को ङ पछि सुरक्षा निकायबाट सेवा निवृत्त भइसकेकाको हकमा "४१ वर्ष ननाघेको" को सट्टामा **"४५ वर्ष ननाघेको हनुपर्ने र कार्यालयले ६ महिनाको परिक्षण काल रहने गरि सिधै करार सम्झौता गर्न सक्नेछ"** भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत